# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

"बैदेशिक रोजगार बचतपत्र २०७२ बिक्री गर्ने बिक्री एजेण्टहरुका लागि मार्गदर्शन"

१. दरखास्त फाराम:

(क) बैदेशिक रोजगार बचतपत्र बिक्री गर्ने बिक्री एजेण्टहरुले बै.फा. रा.ऋ.बै.रो.ब.प. १ दरखास्त फाराम दुई प्रति खरिदकर्ता निवेदकबाट प्राप्त भएको सूचना तथा विवरणको आधारमा आफैले भरी वा खरिदकर्तालाई भर्न लगाई एक प्रति बिक्री एजेण्टको कार्यालयमा र एक प्रति अन्य कागजात सहित राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(ख) बचतपत्र खरिद आवेदन फारामको किसिम महलमा रहेको प्रमिशरी नोट वा स्टक कुन किसिमको बचतपत्र लिने हो सो खुलाई दर, थान र जम्मा मूल्य नेपाली रुपैयांमा अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ ।

(ग) बचतपत्र बिक्रीबाट प्राप्त विदेशी मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्ने प्रयोजनका लागि बिक्री भएको दिनको नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको विदेशी विनिमय दर (खरिददर) लाई आधार मान्नु पर्नेछ ।

(घ) बचतपत्र बापत जम्मा गरेको रकम (वि.मु.मा) महलमा बचतपत्र खरिद बापत जम्मा गरेको स्थानीय विदेशी मुद्राको परिमाण, सो मुद्राको सोही दिन अमेरिकी डलरमा सटही गर्दा प्राप्त हुने डलरको परिमाण, स्थानीय मुद्रा र नेपाली रुपैयाँ बीचको विनिमय दर तथा स्थानीय मुद्रा र अमेरिकी डलरबीचको विनिमयदर उल्लेख गर्नु पर्नेछ ।

(ङ) बचतपत्र खरिद गर्न चाहनेको विवरण उल्लेख भएको महलमा बचतपत्र खरिद गर्न रकम जम्मा गर्ने व्यक्तिको देवनागरी र अंग्रेजीमा नाम उल्लेख गरी पासपोर्टको नम्बर र पासपोर्ट लिएको जिल्ला, कार्यरत मुलुकको नाम, भिसा नम्वर तथा भिसा वहाल रहने अवधि, सम्पर्क ठेगाना स्पष्ट रुपमा खुलाइएको हुनु पर्नेछ ।

(च) आफ्नो परिवारको कुनै एकजना सदस्यको नाममा वा दुईजना सदस्यको संयुक्त नाममा बचतपत्र खरिद गर्ने हो भने सोही बमोजिम परिवारको सदस्यको नाम, नाता र नागरिकता प्रमाणपत्रको नम्वर र नागरिकता लिएको जिल्लाको नाम उल्लेख गर्नु पर्नेछ ।

(छ) बचतपत्रबाट आर्जित व्याज बुझिलिने वा धितो राखी कर्जा उपभोग गर्ने वा बचतपत्र बिक्री गरी रकम लिन सक्ने वा भुक्तानी मितिपछि साँवा भुक्तानी लिन सक्ने गरी कसैलाई इच्छ्याउनु पर्ने भए इच्छ्याएको व्यक्तिको नाम, थर, नाता तथा ठेगाना उल्लेख गर्नु पर्नेछ ।

(ज) दरखास्त फाराममा बिक्री एजेण्टको नाम, बचतपत्र बिक्री गरी रकम संकलन गरेको मुलुक र मिति लेखी कार्यालयको छाप लगाई दाखिला भएको रकम अङ्क र अक्षरमा समेत प्रष्ट लेखी उक्त रकम यस बैंकस्थित सम्बन्धित बचतपत्र हिसावमा जम्मा गर्न पठाइने व्यहोरा सम्बन्धित बिक्री निकायका अधिकारप्राप्त प्रतिनिधिबाट प्रमाणित गरेको हुनु पर्नेछ ।

२. दुई व्यक्ति वा नाबालकको नाममा बचतपत्र खरिद:

दुई व्यक्तिको संयुक्त नाममा समेत बचतपत्र खरिद गर्न सकिनेछ । यसरी दुई व्यक्तिको संयुक्त नाममा बचतपत्र खरिद गर्दा दुई नामको बीचमा "र" अथवा "वा" राखी खरिद गर्न सकिने छ । दुई जनाले "र" बाट बचतपत्र खरिद गर्दा दुवै व्यक्तिले संयुक्त रुपमा मात्र उक्त बचतपत्रको कारोवार गर्न सक्नेछन् भने "वा" बाट बचतपत्र खरिद गर्दा दुई जनामध्ये एक जना व्यक्तिले मात्र पनि बचतपत्रको कारोवार गर्न सक्नेछ । यसरी दुई व्यक्तिको नाममा बचतपत्र खरिद गर्दा दरखास्त फाराममा दुवै व्यक्तिको नागरिकताको प्रमाणपत्र नम्वर वा पासपोर्ट नम्वर र नागरिकता वा

पासपोर्ट लिएको जिल्लाको नाम उल्लेख गर्नु पर्नेछ । नाबालकको तर्फबाट निवेदकले संरक्षक भई बचतपत्र खरिद गर्न चाहेमा नाबालकको नाम, जन्मदर्ता प्रमाणपत्रको नम्वर, जारी गर्ने स्थानीय निकाय (गा.वि.स./न.पा.) को नाम तथा जिल्ला उल्लेख गर्नु पर्नेछ ।

३. लेखपढ गर्न नजान्ने व्यक्तिले बचतपत्र खरिद:

लेखपढ गर्न नजान्ने व्यक्तिले बचतपत्र खरिद गर्न चाहेमा दरखास्त फाराममा अन्य कुराको अतिरिक्त निवेदन साथ एक प्रति पासपोर्ट साईजको फोटो र प्रत्येक थान बचतपत्रको लागि एक/एक प्रति थप फोटो आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ । यस्ता आवेदकहरुलाई स्टकको रुपमा मात्रै प्रमाणपत्र उपलब्ध गराइने छ ।

४. रकम बुझिलिएको निस्सा:

बचतपत्र बिक्री गर्ने बिक्री एजेण्टको विदेशस्थित निकायले बचतपत्र खरिदका लागि बचतपत्र खरिदकर्ताले दाखिला गरेको रकमको निस्साका लागि आफ्नै संस्थाको रसिद उपलब्ध गराउनु पर्नेछ । बचतपत्र बिक्रीबाट संकलन भएको बिदेशी मुद्रा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित बचतपत्र खातामा जम्मा हुने गरी रकमान्तर (transfer) गर्नु पर्नेछ । बिक्री एजेण्टले बचतपत्र बिक्रीबाट संकलन गरेको रकम आफ्नो नेपालस्थित कार्यालयमार्फत नेपाल राष्ट्र बैंकमा जम्मा गर्ने भएमा नियमानुसार बचतपत्र बिक्रीका लागि प्रयोग गरिने तीन प्रति भौचरमा जम्मा गरेको एकमुष्ट रकम, मिति, रकम जम्मा गर्ने निकायको नाम, स्थान र बचतपत्रको सिरिज उल्लेख गरी सम्बन्धित ऋणपत्र हिसावमा रकम दाखिला गर्नु पर्नेछ । रकम दाखिला गरेको रितपूर्वकको एक प्रति अधकट्टी भौचर यस विभागमा पेश गर्नु पर्नेछ भने एक प्रति सम्बन्धित बिक्री एजेण्ट आफैले राख्नेछ ।

५. बचतपत्र खरिदका लागि प्राप्त विदेशी मुद्राको विनिमय दर

बचतपत्र बिक्री गर्दा प्राप्त हुन आएको विदेशी मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्ने प्रयोजनका लागि बचतपत्र बिक्री गरेको दिनमा नेपाल राष्ट बैंकले प्रकाशन गरेको विनिमय दर (खरिद दर) लाई आधार मान्नु पर्नेछ । विनिमय दर सम्बन्धी जानकारी यस बैंकको वेवसाइट www.nrb.org.np मार्फत उपलब्ध हुनेछ । विनिमय दर सम्बन्धी जानकारीका लागि सोहि वेवसाइटबाट प्राप्त सूचना आधिकारीक हुनेछ ।

६. ऋणपत्रको किसिम र खरिद सीमा:

दरखास्त फाराममा उल्लेख भएको बचतपत्रको किसिम (प्रमिशरी नोट/स्टक) अनुसार प्रमाणपत्र दिइनेछ । यसरी किसिम पुरा नखुलाएको भएमा बचतकर्ताको नाममा प्रमिशरी नोटको प्रमाणपत्र बनाइने छ । बचतपत्र घटिमा पाँच हजार रुपैयाँ र बढिमा कूल निष्कासित रकमको सीमामा नबढाई पाँच हजार रुपैयाँले भाग गर्दा निःशेष भाग जाने अंकमा खरिद गर्न सकिनेछ ।

७. कारोवारको जानकारी दैनिक रुपमा दिनु पर्ने:

बचतपत्र बिक्री गर्ने निकायहरुले बिक्री भएको बचतपत्रको कारोवारको विवरण तोकिएको ढाँचामा सोही दिन विद्युतिय माध्यम (फ्याक्स, इमेल) वा अन्य छिटो माध्यमबाट राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ । यसरी पठाइने कारोवार विवरणमा कति रकमको बचतपत्र कुन कुन मुद्रामा कतिजना व्यक्तिलाई कति दर र थान बिक्री भयो र सो बापत कुन मुद्रा कति परिमाणमा प्राप्त भयो जस्ता विवरणहरु स्पष्ट रुपमा खोलिएको हुनु पर्नेछ । कुनै पनि रकमको बचतपत्र बिक्री नभएको अवस्थामा पनि सोको जानकारी अनिवार्य रुपले दिनु पर्नेछ । साथै, बचतपत्र बिक्री बन्द भए पश्चात् एकमुष्ट रुपमा खरिदकर्ताको नाम, बचतपत्रको किसीम, रकम, खरिदका लागि निवेदन दिएको मिति, संकलन भएको जम्मा विदेशी मुद्रा आदि समेत खुलाइएको विवरण छिटो माध्यमबाट यस विभागमा पठाउनु पर्नेछ । यसप्रकार दैनिक सूचना उपलब्ध गराउन यस बैंकको फ्याक्स ९७७-०१-४२५४१७० तथा इमेल pdfeb@nrb.org.np प्रयोग गर्नु पर्नेछ ।

८. फाराम तथा भौचर छिटो साधनबाट पठाउनु पर्ने:

बचतपत्र बिक्रीका लागि खुला गरिएको अवधि समाप्त भएपश्चात् बिक्री एजेण्टहरुले बचतपत्र खरिदगर्ने प्रयोजनका लागि निवेदकहरु स्वयमले वा खरिदकर्ताहरुको आवश्यक विवरण प्राप्त गरी सोको आधारमा बिक्री एजेण्टले भरेको रितपूर्वकका निवेदन फाराम तथा अन्य कागजातहरुको प्रतिलिपि छिटो तथा सुरक्षित माध्यबाट यथासिघ्र राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

९. बचतपत्र बिक्री गर्ने अधिकार:

यो बचतपत्र हाललाई दक्षिण कोरिया, मलेसिया, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया र कतारमा रोजगारीमा संलग्न रहेका नेपाली नागरिकहरुलाई यस बैंकबाट इजाजतपत्र प्राप्त बिक्री एजेण्टहरुले मात्र बिक्री गर्न पाउनेछन् । यो बचतपत्र बिक्री गरिने मुलुकहरुमा नै खरिदकर्ताहरुबाट निवेदन भराई वा खरिदकर्ताहरुको आवश्यक सम्पूर्ण विवरण प्राप्त गरी बिक्री एजेण्टले नेपालबाटै उल्लेखित मुलुकहरुमा कार्यरत् नेपाली नागरिकहरुलाई बचतपत्र बिक्री गर्न सक्नेछन् ।

१०. बचतपत्र खरिद गर्ने निवदेन फाराम:

यो बचतपत्र खरिद गर्नका लागि आवश्यक पर्ने निवेदन फाराम राष्ट्र ऋण व्यवस्थापन विभागबाट नि:शुल्क रुपमा लिन सकिनेछ । साथै, दरखास्त फाराम यस बैंकको वेवसाइट www.nrb.org.np अन्तर्गत Public debt भित्र Foreign Employment Bond नामक फोल्डरमा Application Form for Foreign Employment Bond 2072 नाममा राखिएको छ । सोही निवेदन फारम Download गरी प्रयोगमा ल्याउन सकिने छ ।

११. बचतपत्र खरिदकर्ताबाट अतिरिक्त शुल्क लिन नपाइने

बिक्री एजेण्टहरुले नेपालस्थित आफ्नो कार्यालयबाट बचतपत्र बिक्री गर्दा खरिदकर्तासंग बचतपत्र खरिद गर्ने रकमभन्दा वाहेकको अन्य कुनै पनि अतिरिक्त शुल्क नेपालमा लिन पाइने छैन ।

१२. रकम बाँडफाँड:

राष्ट्र ऋण व्यवस्थापन विभागमा रितपूर्वक प्राप्त भएका निवेदनहरुको आधारमा मात्र बचतपत्र निष्कासन गरिनेछ । साथै, बिक्री खुला गरिएको अन्तिम मितिभन्दा अगावै सम्पूर्ण रकम बिक्री भएमा सोही दिनदेखि बिक्री बन्द हुनेछ । रितपूर्वक प्राप्त नभएका निवेदन अस्वीकृत गर्न सकिनेछ । बाँडफाँडमा स्वीकृत नभएको र रितपूर्वक प्राप्त नभएका निवेदनहरुको हकमा सक्कल निवेदन फाराम प्राप्त भएको मितिले ७ दिनभित्र बिक्री गर्ने निकायमार्फत विना व्याज सम्पूर्ण रकम सम्बन्धित पक्षलाई फिर्ता गरिनेछ । बचतपत्रको बाँडफाँड सम्बन्धी सम्पूर्ण अधिकार खुला बजार संचालन समितिमा रहनेछ ।

१३. रकम ट्रान्सफर गर्ने:

नेपाली रुपैयाँ रु.२०,००,०००।- (रुपैयाँ बीस लाख मात्र) बराबरको बचतपत्र बिक्री भए पश्चात् सो बापत संकलन भएको विदेशी मुद्रा एकमुष्ट रुपमा नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयस्थित "बैदेशिक रोजगार बचतपत्र २०७२" खातामा जम्मा हुने गरी देहाय बमोजिम रकम ट्रान्सफर गर्नु पर्नेछ । तर, बचतपत्र बिक्री अवधि समाप्त भए पश्चात् भने सोही अवधिसम्ममा संकलन भई पठाउन बाँकी रहेको सम्पूर्ण रकम बिक्री अवधि समाप्त भएको दिनको भोलिपल्ट (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) नै अनिवार्य रुपमा माथि उल्लेखित खातामा जम्मा हुने गरी रकमान्तर गर्नु पर्नेछ ।

(क) बिक्री एजेण्टहरुले बचतपत्र बिक्रीबाट संकलन भएको विदेशी मुद्रा आफ्नो नेपालस्थित कार्यालयमार्फत नेपाल राष्ट बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीस्थित बैदेशिक रोजगार बचतपत्र २०७२ खातामा ट्रान्सफर गर्न सक्नेछन ।

(ख) बिक्री एजेण्टहरुले बचतपत्र बिक्रीबाट संकलन भएको रकम विदेशी मुद्रामा सिधै यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीस्थित बैदेशिक रोजगार बचतपत्र २०७२ खातामा ट्रान्सफर गर्न सक्नेछन । यसको लागि SWIFT कोड "NRBLNPKA" प्रयोग गर्न सकिनेछ ।

१४. बिक्री खुला रहने अवधि:

बैदेशिक रोजगारमा संलग्न तोकिएका देशमा कार्यरत नेपाली नागरिकहरु वा निजका परिवारका नाममा मात्र बिक्री गरिने "बैदेशिक रोजगार बचतपत्र २०७२ को बिक्री खुला हुने अवधि मिति २०६७ आषाढ १६ गतेदेखि मिति २०६७ आषाढ २८ गते तदनुरुप ई.सं. २०१० जुन ३० देखि २०१० जुलाई १२ तारिखसम्म हुनेछ ।

१५. बिक्री बन्दको सूचना:

बिक्री खुला रहने अन्तिम मितिभन्दा अगावै सम्पूर्ण रकम बिक्री भएमा बिक्री बन्दको सूचना यस बैंकको वेवसाइट, फ्याक्स तथा टेलिफोनमार्फत यथासमयमा बैदेशिक रोजगार बचतपत्र बिक्री कार्यमा संलग्न बिक्री एजेण्टहरुको नेपालस्थित कार्यालयहरुलाई दिइनेछ । सोहि सूचनालाई आधार मानी बिक्री एजेण्टहरुले विदेशस्थित आफ्नो बिक्री निकायलाई सूचित गरी बिक्री बन्द गर्नु पर्नेछ ।

१६. प्रमाणपत्र तथा व्याज भुक्तानी पूर्जा:

बचतपत्र खरिद गर्ने ग्राहकहरुको नाममा निष्कासन हुने बचतपत्र र व्याज भुक्तानी पूर्जा तयार भएपछि बचतपत्र बिक्री गर्ने एजेण्टहरुमार्फत सम्बन्धित पक्षलाई उपलब्ध गराइनेछ । प्रमाणपत्र वितरण सम्बन्धी सूचना सम्बन्धित बिक्री एजेण्टहरुलाई छिटो माध्यमबाट दिइनेछ ।

१७. बचतपत्र निष्कासन तथा बिक्री सम्बन्धी अन्य व्यवस्था

बैदेशिक रोजगार बचतपत्र २०७२ को निष्कासन तथा बिक्री सम्बन्धी अन्य प्रक्रिया बैदेशिक रोजगार बचतपत्र जारी गर्ने कार्यविधि, २०६७ वमोजिम हुनेछ । साथै, आवश्यक थप प्रक्रिया, कार्यविधि तथा अन्य व्यवस्थाका बारेमा खुला बजार संचालन समितिले तोके बमोजिम हुनेछ ।